एन.एस.डब्ल्यू. स्वास्थ्य

मिजल्स (दादुरा), मम्प्स र रुबेला (एम.एम.आर.) खोप

अभिभावक जानकारी पत्र

अष्ट्रेलियाली सरकारले राष्ट्रिय खोप कार्यक्रम (NIP) अन्तर्गत किशोरकिशोरीहरूका लागि केही खोपहरू नि:शुल्क प्रदान गर्दछ।

प्रश्न: मिजल्स (दादुरा), मम्प्स र रुबेला भनेको के हो?

दादुरा एक अत्यधिक संक्रामक भाइरस हो जसले गर्दा ज्वरो आउँने, खोकी लाग्ने र राता विमीरा देखा पर्ने गर्छ। यसले निमोनिया, मस्तिष्क सुन्निने र स्थायी रुपमा मस्तिष्कको क्षति गराउने जस्ता गम्भीर जटिलताहरू निम्त्याउन सक्छ। दादुरा विरलै घातक हुन्छ।

मम्प्स एक संक्रामक भाइरल संक्रमण हो जसले गर्दा घाँटीको ग्रन्थी सुन्निने र ज्वरो आउँने गर्छ। लगभग १०% घटनाहरूमा, यसले गर्दा मस्तिष्क सुन्निन सक्छ। यौवनकाल बितेका १५-३०% पुरुषहरूमा, यसले अण्डकोष सुन्निने र यो पीडादायी हुन सक्छ। गर्भावस्थाको शुरुवाती समयमा संक्रमण भएमा गर्भपतन हुन सक्छ।

रुबेला (जर्मन दादुरा) एक भाइरस हो जसले गर्दा राता विमीरा देखा पर्ने, ज्वरो आउँने र ग्रन्थीहरू सुन्निने हुन सक्छ। यदि गर्भवती महिलालाई रुबेला भयो भने, बच्चामा श्रवणशक्ति गुम्ने, अन्धोपन, बौद्धिक अपाङ्गता वा मुटुको समस्या जस्ता गम्भीर जन्म दोषहरू देखा पर्न सक्छन्।

प्रश्न: मिजल्स (दादुरा), मम्प्स र रुबेला कसरी फैलिन्छन्?

यी भाइरसहरू खोक्दा र हाछ्युँ गर्दा फैलिन्छन्। दादुरा विशेष गरी संक्रामक हुन्छ। संक्रमित व्यक्तिसँग एउटै कोठामा बस्दा भाइरस फैलिन सक्छ।

प्रश्न: खोपहरूले कसरी काम गर्छन्?

खोपहरूले तपाईंको प्रतिरक्षा प्रणालीलाई संक्रमणसँग लड्न मद्दत गर्छन्। यदि खोप लगाएको व्यक्ति भाइरसको सम्पर्कमा आएमा, उसको शरीरले रोग बिरुद्ध राम्रोसँग लड्न सक्छ वा यसलाई कम गम्भीर बनाउँन सक्छ।

प्रश्न: एम.एम.आर. खोप कत्तिको प्रभावकारी छ?

दादुरा, मम्प्स र रुबेलाबाट बच्न एम.एम.आर. खोप धेरै प्रभावकारी छ।

प्रश्न: कति खुराक लिनु पर्छ?

दुई खुराक एम.एम.आर. खोप , पहिले नै दुई खुराक नलिएको खण्डमा।

प्रश्न: कसले खोप लगाउनु हुँदैन?

निम्न व्यक्तिहरूले एम.एम.आर. खोप नलगाउनु होला:

- **खोपको अघिल्लो खुराक वा खोपको कुनै तत्वबाट गम्भीर एलर्जीको असर (एनाफिलेक्सिस) देखिएका**
- **गर्भवती भएका (खोप लगाएको २८ दिनसम्म गर्भाधान गर्नु हुँदैन)**
- **विगत ४ हप्तामा प्रत्यक्ष खोप (जस्तै, ठेउला, BCG, वा पहेंलो ज्वरो) लगाएका**
- **गत वर्ष रक्तक्षेपण वा इम्युनोग्लोबुलिन सुई लगाएका**
- **कमजोर प्रतिरक्षा प्रणाली भएका, जस्तै:**
  - एचआईभी/एड्स भएका व्यक्तिहरू
  - मौखिक कोर्टिकोस्टेरोइडको उच्च मात्रा लिने मानिसहरू
  - कडा इम्युनोसप्रेसिभ उपचार, विकिरण, वा एक्स-रे थेरापी लिइरहेका व्यक्तिहरू
  - लिम्फोमा, ल्युकेमिया, वा हजकिन्स रोग जस्ता क्यान्सर भएका मानिसहरू।

प्रश्न: एम.एम.आर. खोपमा के के हुन्छ?

खोपमा थोरै मात्रामा ल्याक्टोज, नियोमाइसिन, सोर्बिटोल र म्यानिटोल हुन्छ। यी सामग्रीहरूले खोपलाई सक्रिय वा सुरक्षित राख्न मद्दत गर्छन्।

प्रश्न: खोपहरू कति सुरक्षित छन्?

अष्ट्रेलियामा खोपहरू धेरै सुरक्षित छन्। थेराप्युटिक गुड्स एडमिनिस्ट्रेशन (TGA) बाट अनुमोदन हुनु अघि निकै कडा सुरक्षा जाँचहरू पास गर्नुपर्छ। TGA ले प्रयोग पछि पनि खोप सुरक्षाको निगरानी गर्दछ।

प्रश्न: एम.एम.आर. खोपका साइड इफेक्टहरु के के हुन्?

एम.एम.आर. खोप सुरक्षित र राम्रोसँग सहन सकिने खाले छ। साधारण साइड इफेक्टहरू हल्का हुन्छन् र निम्न हुन सक्छ:

- **अस्वस्थ महसुस हुने**
- **ज्वरो आउँने**
- **गैर संक्रामक राता विमीरा (खोप लगाएको ५-१२ दिन पछि देखा पर्न सक्छ)।**

विरलै देखिने साइड इफेक्टहरू निम्न हुन सक्छन्:

- **अस्थायी रूपमा लिम्फ नोडहरू सुन्निने**
- **जोर्नी दुख्ने**
- **चोटपटक वा रक्तस्रावको जोखिम बढ्ने।**

एनाफिलेक्सिस जस्ता गम्भीर साइड इफेक्टहरू विरलै देखा पर्छन्।

थप जानकारीको लागि, health.nsw.gov.au/schoolvaccination मा उपभोक्तालाई औषधि सम्बन्धी जानकारी (CMI) हेर्नुहोस्। यदि तपाईं साइड इफेक्टको बारेमा चिन्तित हुनुहुन्छ भने, आफ्नो जी.पी. लाई सम्पर्क गर्नुहोस्।

प्रश्न: एनाफिल्याक्सिस भनेको के हो?

एनाफिल्याक्सिस एक धेरै दुर्लभ तर गम्भीर एलर्जी सम्बन्धी असर हो। यदि छिटो उपचार गरिएन भने यसको कारण बेहोस हुन वा मृत्यु हुन सक्छ। खोप प्रदायकहरू एनाफिल्याक्सिस व्यवस्थापन गर्न तालिम प्राप्त हुन्छन्।